# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८३/०८४

प्रेस विज्ञप्ति नं. : ४५१

मितिः २०८३।०४।०८ गते।

ने.सं. ११४६

नेपाल सरकार गृह मन्त्रालय लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वर

## प्रेस विज्ञप्ति

### हवाई फायर गरी २ जना भारतीय लागु औषध कारोवारी पक्राउ।

भारतबाट नेपालमा लागु औषध बिक्री वितरण गर्ने गिरोहहरुको निगरानी गर्ने क्रममा लागु औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय, बर्दिबासबाट खटिएको प्रहरी टोलीले मिति २०८३।०४।०८ गते जिल्ला धनुषा मिथिला न.पा. वडा नं. ६ मा लागु औषध खैरो हेरोईनको कारोबार भई रहेको अवस्थामा निम्न नामथर ठेगाना भएका २ जना भारतीय नागरिकहरुलाई नियन्त्रणमा लिन खोज्दा भागेकोले निजहरुलाई रोकिनको लागी चेतावनी स्वरुप १ राउण्ड हवाई फायर गरी नियन्त्रणमा लिई निजहरुको साथमा रहेको खैरो हेरोईन ९५ ग्राम ५९० मिलिग्राम सहित पक्राउ गरी आवश्यक थप अनुसन्धान कारवाहीको लागि ईलाका प्रहरी कार्यालय ढल्केवर, धनुषा बुझाइएको।

**निम्नः-**

**पक्राउ प्रतिवादीहरुको विवरण :**

१. देश भारत जिल्ला मधुवनी ठेगाना भएको वर्ष २८ का सन्तोष कुमार महत्तो।

२. देश भारत जिल्ला मधुवनी ठेगाना भएको वर्ष ४५ का मिथिलेश साहु।

**बरामद दशी (सामान) को विवरण :**

३. लागु औषध खैरो हेरोईन ९५ ग्राम ५९० मिलिग्राम

४. मोवाईल थान २

५. भारतीय आधार कार्ड थान १

६. भारतीय सवारी चालक अनुमतीपत्र थान १



**सह-प्रवक्ता**

**(जिवन निरौला)**

**प्रहरी नायव उपरीक्षक**

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइटः [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]
इमेलः [ncb@nepalpolice.gov.np]